# प्रधानमन्त्री रोजगार कार्यक्रम

## बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६




नेपाल सरकार


श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन: ०१-४२००४७७ इमेल: info@pmep.gov.np वेवसाईट: http://pmep.gov.np

१. **पृष्ठभूमी:** रोजगारीको हकसम्बन्धी ऐन, २०७५ (यसपछि 'ऐन' भनिएको), रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ (यसपछि 'नियमावली' भनिएको) र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (यसपछि 'निर्देशिका' भनिएको) मा उल्लेख भएको बेरोजगार व्यक्तिको पहिचान गर्ने प्रकृयालाई स्पष्ट गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यो मार्गदर्शन स्वीकृत गरी लागू गरेको छ ।

२. **बेरोजगार व्यक्ति पहिचानको प्रक्रिया:** स्थानीय तहहरुले बेरोजगार व्यक्ति पहिचानका लागि व्यक्तिले बेरोजगारको सूचीमा समावेश हुन निवेदन दर्ता गरेदेखि स्थानीय तहले बेरोजगार व्यक्ति पहिचान गरी प्राथमिकताक्रमको सूची प्रकाशन गर्ने सम्मको कार्य गर्न देहाय अनुसारको प्रकृया अवलम्वन गर्नु पर्नेछ ।




३. **न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड**

देहायका शर्तहरु पुरा गर्ने कुनै पनि नेपाली नागरिक न्यूनतम रोजगारी कार्यक्रममा संलग्न हुन सक्नेछ:

(क) निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एकसय दिनको रोजगारीमा संलग्न नभएको ।

(ख) निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम एकसय दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको ।

(ग) १८ देखि ५९ वर्ष उमेर समुहको ।

(घ) पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको ।

## ४. निवेदनको छानविन गर्ने प्रकृया

(क) निवेदकले तोकिएको समयभित्र आवेदन फाराममा भएका सबै विवरण भरी हस्ताक्षर सहितको फाराम आफ्नो स्थायी बसोबास भएको वडा कार्यालयमा बुझाउनु पर्नेछ ।

(ख) आवश्यक विवरण र कागजात पुरा गरी प्राप्त भएका निवेदनलाई वडा कार्यालयले दर्ता गरी संकलन गर्नु पर्नेछ ।

(ग) संकलित निवेदनको वडा कार्यालयले प्रारम्भिक छानविन गरी वेरोजगार ठहर हुन आवश्यक मापदण्ड पुरा गर्ने व्यक्तिहरुको सूची तयार गर्नु पर्नेछ ।

(घ) प्रारम्भिक छानविनका क्रममा निवेदकबाट फाराममा उल्लेख भए बमोजिमको सम्पूर्ण विवरण प्राप्त भएको नपाइएमा वा प्राप्त विवरणहरु अपूर्ण भएमा वा आवेदक बेरोजगार भए/नभएको जानकारी स्पष्ट हुन नसकेमा वडा कार्यालयले निवेदकबाट आवश्यक थप विवरणहरु माग गर्न सक्नेछ ।

(ङ) थप विवरण माग गर्दा समेत सम्बन्धित व्यक्तिले सबै विवरणहरु उपलब्ध नगराएमा वडा कार्यालयले निजको निवेदनलाई अपूर्ण भएको मानी सो उपर कुनै कारवाही अघि नबढाउन सक्नेछ ।

(च) अपूर्ण वा कारवाही रोकिएको निवेदनका सम्बन्धमा सम्बन्धित वडाले सार्वजनिक सूचना प्रकाशन गरी वा सम्वन्धित व्यक्तिलाई सम्पर्क गरी जानकारी दिनु पर्नेछ ।

५. **वडा कार्यालयले सिफारीस गर्नुपर्ने:** वडा कार्यालयले बुँदा नं. ४ बमोजिम प्रारम्भिक छानविन गरी तयार पारेको बेरोजगार ठहर हुन मापदण्ड पुरा गर्ने व्यक्तिहरुको निवेदन सहितको सूची वडा समितिबाट निर्णय गराई वडा अध्यक्षको सिफारिस सहित रोजगार सेवा केन्द्रमा पठाउनु पर्नेछ ।

## ६. स्थानीय निर्देशक समितिले छानविन गर्ने ।

(क) बुँदा नं. ५ अनुसार प्राप्त भएको बेरोजगारहरुको निवेदन सहितको सूची रोजगार संयोजकले संकलन गरी सबै वडाको एकै पटक वा आवश्यकता अनुसार पटक पटक गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम १४ बमोजिमको स्थानीय निर्देशक समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(ख) स्थानीय निर्देशक समितिले सो सूची उपर छलफल गरी आवश्यक परे परिमार्जन सहित गाउँ/नगर कार्यपालिकालाई स्वीकृतिका लागि सिफारिस गर्नु पर्नेछ ।

७. **निर्णयका लागि प्रस्तुत गर्नेः** बुँदा नं. ६ बमोजिम सिफारिस भएको वेरोजगार व्यक्तिहरुको सूचीलाई प्रमुख प्रशासकीय अधिकृतले प्रमुख वा अध्यक्षको स्वीकृतिमा निर्णयका लागि गाउँ/नगर कार्यपालिकाको बैठकमा प्रस्तुत गर्नु पर्नेछ ।

## ८. गाउँ/नगर कार्यपालिकाले निर्णय गर्नुपर्ने

(क) बुँदा ७ बमोजिम प्रस्तुत बेरोजगार व्यक्तिहरुको सूचीलाई गाउँ/नगर कार्यपालिकाले छलफल गरी आवश्यक भए परिमार्जन सहित स्वीकृत गर्नु पर्नेछ ।

(ख) कुनै व्यक्तिको सम्बन्धमा गाउँ/नगर कार्यपालिकाबाट निर्णय गर्न थप स्पष्ट हुनु पर्ने अवस्था देखिएमा सम्बन्धित व्यक्तिका विषयमा गाउँ/नगरपालिका आफैंले वा वडा मार्फत पुनः आवश्यक सोधपुछ गरी अन्तिम निर्णममा पुग्न सक्नेछ ।

९. **रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्नेः** बुँदा ८ बमोजिम स्वीकृत बेरोजगार व्यक्तिहरुको व्यक्तिगत विवरण रोजगार सेवा केन्द्रले रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

## १०. वेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम निर्धारण गर्ने ।

(क) बुँदा नं. ९ बमोजिम रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि भएका बेरोजगार व्यक्तिहरुको विवरण अनुसार रोजगार संयोजकले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २१ को उपदफा (३) मा तोकिएका आधारहरुलाई देहाय अनुसारको अंकभार दिई कूल अङ्कभारका आधारमा अधिकतम देखि न्यूनतम अङ्कभार प्राप्त गर्ने व्यक्ति क्रमशः रहने गरी अनुसूची १ बमोजिमको ढाँचामा प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछः

| क्र.सं. | प्राथमिकताक्रम निर्धारणका आधार | अङ्क | कैफियत |
|---|---|---|---|
| १. | कृषि उत्पादनले वर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित परिवारको सदस्य<br>*(निवेदनको बुँदा नं. ७ (क) को उत्तरमा "**पुग्दैन**" उल्लेख भएको आधारमा)* | ३० | |
| २. | बसोवासका लागि आफ्नै घर नभएको परिवारको सदस्य<br>*(निवेदनको बुँदा नं.७ (ख) को उत्तरमा "**नभएको**" उल्लेख भएको आधारमा)* | २० | |
| ३. | एकल महिला घरमूली भएको परिवारको सदस्य<br>*(निवेदनको बुँदा नं.७ (ग) को उत्तरमा "**हो**" उल्लेख भएको आधारमा)* | ५ | |
| ४. | दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवारको सदस्य<br>*(निवेदनको बुँदा नं.३ मा उपलव्ध भएको पारिवारिक विवरणको आधारमा)* | ५ | |
| ५. | बार्षिक एक सय दिनको रोजगारी वापत एक व्यक्तिले प्राप्त गर्ने न्यूनतम पारिश्रमिक (नेपाल सरकारले तोकेको) भन्दा कम नगद आय भएको परिवारको सदस्य<br>*(निवेदनको बुँदा नं.१० मा उपलव्ध विवरणको आधारमा)* | | |
| | (क) नेपाल सरकारले तोकेको प्रतिदिनको न्यूनतम पारिश्रमिकका दरले एक सय दिनको रोजगारी बापत प्राप्त हुने पारिश्रमिक रकमको पचास प्रतिशत भन्दा कम आय भएको परिवारको सदस्य भएमा | २५ | |
| | (ख) नेपाल सरकारले तोकेको प्रतिदिनको न्यूनतम पारिश्रमिकका दरले एक सय दिनको रोजगारी बापत प्राप्त हुने रकमभन्दा न्यून तर सो को पचास प्रतिशत भन्दा बढी रकम आय भएको परिवारको सदस्य भएमा | १५ | |
| | **(आफ्नै परिवारको अरु कुनै सदस्य प्राथमिकताक्रममा यस अगाडि नै समावेश भईसकेको रहेछ भने त्यसपछिका अरु सदस्यलाई यस बमोजिमको अंक दिइने छैन। तर, प्राथमिकताक्रममा परेको सदस्यको लिखित मन्जुरीनामाका आधारमा निजको सट्टा सोही परिवारको अर्को सदस्यलाई प्राथमिकताक्रममा राखि रोजगारीमा समावेश गर्न सकिनेछ।** | | |
| ६. | कोहीपनि सदस्यले स्वरोजगार नभएको वा सामाजिक सुरक्षा लगायतको सरकारी कोषबाट सुविधा नलिएको परिवारको सदस्य<br>*(निवेदनको बुँदा नं. ९ मा उपलव्ध विवरणको आधारमा)* | ५ | |
| ७. | शहिद परिवार वा बेपत्ता परिवारको सदस्य<br>*(निवेदनको बुँदा नं.७ (घ) मा "**हो**" भन्ने उल्लेख भएको आधारमा)* | ५ | |
| ८. | महिला बेरोजगार व्यक्ति (निवेदनको बुँदा नं.२ मा उल्लेख भएको विवरणको आधारमा) | ५ | |
| ९. | अन्य बेरोजगार व्यक्ति | ० | |
| | कूल अंक | १०० | |

(ख) खण्ड (क) बमोजिम प्राथमिकताक्रम निर्धारण गर्दा रोजगार व्यवस्थापन सूचना प्रणालीमा उपलब्ध हुने कम्प्युटरमा आधारित स्वचालित प्रकृयाबाट स्वतः प्राथमिकताक्रम निर्धारण हुने व्यवस्थाको अवलम्बन गर्नुपर्नेछ ।

तर, कुनै कारणवश रोजगार व्यवस्थापन सूचना प्रणालीले काम नगर्ने अवस्था सिर्जना भएमा कम्प्युटरको एक्सेल (Excel) सफ्टवेयरको प्रयोग गरी प्राथमिकताक्रम निर्धारण गर्न समेत सकिने छ ।

(ग) प्राथमिकताक्रम निर्धारण गर्दा एकभन्दा बढी व्यक्तिको अंकभार समान भएको अवस्थामा निवेदनको बुँदा नं. १० मा उल्लेख भएको पारिवारिक आयका आधारमा न्यून आय भएको निवेदकलाई पहिलो प्राथमिकतामा राख्नु पर्नेछ ।

(घ) पारिवारिक आयका आधारमा प्राथमिकताक्रम निर्धारण गर्दा समेत एक भन्दा बढी व्यक्तिको समान आय भएको अवस्थामा त्यस्ता व्यक्तिहरुलाई समान प्राथमिकताक्रममा राखी सवैलाई समान रोजगारीको अवसर उपलब्ध गराउनु पर्नेछ । यदि सवैलाई रोजगारी उपलब्ध गराउन सक्ने अवस्था नरहेमा समान प्राथमिकताक्रममा रहेका व्यक्तिहरुको गोलाप्रथाद्वारा पुनः प्राथमिकताक्रम निर्धारण गरी रोजगारीमा खटाउनु पर्नेछ ।

(ङ) कुनै पनि निवेदक निवेदनको बुँदा नं.७ (ङ) अनुसार परिवारमा काम गर्ने उमेर समूह (१८-५९ वर्ष) को र काम गर्न सक्ने शारीरिक अवस्था भएको अन्य सदस्य नभएको परिवारको सदस्य रहेछ भने निजको हकमा निर्देशिकाको दफा ८६ अनुसार गर्नु पर्नेछ ।

११. **सूची सार्वजनिक गर्नु पर्नेः** स्थानीय तहले बुँदा नं. १० बमोजिम निर्धारण भएको सूचिकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रमको सूची प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २१ को उपदफा (४) बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाबाट निर्णय गराई सार्वजनिक गर्नुपर्नेछ ।

१२. **गुनासो सुनुवाईः** बेरोजगार दर्ता प्रकृया, विवरणहरुको छानविन तथा प्राथमिकताक्रमको सूची निर्धारणका सम्बन्धमा कुनै गुनासो भए सम्बन्धित व्यक्तिले वडा कार्यालयमा निवेदन दिई गुनासो दर्ता गराउन सक्नेछ । वडा कार्यालयले सम्भव भएसम्म त्यस्ता गुनासाहरु वडा स्तरमै समाधान गर्नु पर्नेछ । वडा स्तरमा समाधान हुन नसकेका गुनासाहरु वडा कार्यालयले रोजगार सेवा केन्द्रमा पठाउनु पर्नेछ । रोजगार सेवा केन्द्रले यस्ता गुनासाहरु प्रमुख प्रशासकीय अधिकृत मार्फत स्थानीय निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ । स्थानीय निर्देशक समितिले प्राप्त गुनासाहरु छानविन गरी समाधानको निर्णय गरेर सो को कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रलाई निर्देशन दिनु पर्नेछ ।

# अनुसूची १ः प्रधानमन्त्री रोजगार कार्यक्रम, सूचीकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम निर्धारण फाराम

..................... गाउँपालिका / ......नगरपालिका

| | | | | बुँदा नं. १० (क) बमोजिमका आधारहरु र सो वापतको अंकभार | | | | | | | | कूल अंक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | निवेदकको नाम थर | गाउँ / टोल | वडा नं. | मापदण्ड १ (३०) | मापदण्ड २ (२०) | मापदण्ड ३ (५) | मापदण्ड ४ (५) | मापदण्ड ५ (२५) | मापदण्ड ६ (५) | मापदण्ड ७ (५) | मापदण्ड ८ (५) | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

पेश गर्ने (रोजगार संयोजक) ..............

प्रमाणित गर्ने (प्रमुख प्रशासकीय अधिकृत) ..........